# मार्मा गाउँपालिकाको वैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७४

मार्मा गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।०७।२५

मार्मा गाउँपालिका

७ नं प्रदेश, नेपाल

मार्मा गाउँपालिका

गाउँपालिकामा बस्ने वैठकहरु तथा पदाधिकारीहरुबाट हुने भ्रमणको खर्चलाई सुव्यवस्थित बनाउन गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो निर्देशिका लागू गरिएको छ ।

**१. गाउँ सभामा वैठक भत्ता सम्बन्धी व्यवस्था**

(क) गाउँ सभामा उपस्थित पदाधिकारीहरुले प्रत्येक गाउँ सभा बैठकमा प्रति बैठक रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा गाउँ सभाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) गाउँ सभा सदस्यबाहेका गाउँ सभा वैठक संचालनमा सहयोग पुऱ्याउने ३ जना सम्म सहायक र सहयोगि कर्मचारीहरुले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।सुरक्षाकर्मीको व्यवस्था गरिएको भए दुई जना सम्म सुरक्षा कर्मीले दैनिक ३५० को दरले कर कट्टी नगरी खाजा खर्च पाउनेछन् ।

**२. गाउँ कार्यपालिका वैठक भत्ता**

(क) गाउँ कार्यपालिकाको उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा गाउँ कार्यपालिकाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) गाउँ कार्यपालिका सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने ३ जना सम्म सहायक र सहयोगि कर्मचारीहरुले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

**३. वडा समितिको वैठक भत्ता**

(क) वडा समितिको वैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा वैठकको सचिव कार्य गरेका वडा सचिव समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) वडा समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने १ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

(ग) महिना तीन पटक सम्मका लागि वडा समितिको वैठकका लागि भत्ताको व्यवस्था हुनेछ ।

**४. विषयगत समितिहरुका वैठक भत्ता**

(क) विषयगत समितिको वैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा वैठकको सचिव कार्य गरेका कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) विषयगत समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने १ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

**५. बजेट निर्माण सम्बन्धी समितिहरुको वैठक भत्ता**

(क) बजेट निर्माण सम्बन्धी समितिको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ (ख) बजेट समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने २ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

(ख) बजेट निर्माणमा खटिएका कार्यकारी अधिकृत र राजस्व वा लेखा शाखा प्रमुखलाई प्रोत्साहन भत्ता स्वरुप १.५ महिनाको तलबस्केल बराबर उपलब्ध गराइनेछ ।

**६. गाउँ सभा अन्तरगतका समितिहरुको वैठक भत्ता**

(क) गाउँ सभा अन्तरगतका समितिहरुको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ

(ख) सदस्यहरु बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने २ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

**७. भ्रमण खर्च सम्बन्धी व्यवस्था**

(क) गाउँपालिकाको कामकाजमा भ्रमण प्रयोजनमा निमित्त गाउँपालिका अध्यक्ष र उपाध्यक्षले भ्रमण खर्च नियमावली २०६४ बमोजिम द्वितीय तहले प्राप्त गर्ने भत्ता पाउनेछन् ।त्यस्तै वडाध्यक्ष र वडा सदस्यहरुले सोही नियमावलीकै तृतीय तहले पाउने भत्ता पाउनेछन् ।

(ख) भ्रमणमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण खर्च उपलब्ध हुनेछ । गोष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संस्थाले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा गाउँपालिकाबाट भ्रमण खर्च भूक्तानी हुनेछैन ।

(ग) उपाध्यक्ष र वडाध्यक्ष र वडासदस्यको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

(घ) गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको काज स्वीकृती कार्यकारी अधिकृतबाट हुनेछ ।

**८. आयोजना अनुगमन सम्बन्धमा**

गाउँपालिकाबाट संचालित आयोजना अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेसी) वा अनुगमन तथा मूल्याङ्कन खर्चबाट अनुगमन मूल्यांकन भत्ता पाउनेछन् ।

९. या निर्देशिका २०७४ श्रावण १ गते देखि लागू भएका मानिनेछ ।

१०. या निर्देशिका प्रदेश सभाले कानुन नबनाउँदा सम्म लागू हुनेछ ।